राष्ट्रिय दैनिक

समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १३४ २०८२ मंसिर २९ गते सोमवार (15 Dec. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

जेन-जेडको चेतावनी

राजनीति नबदलिए नयाँ संकट अपरिहार्य

दैनिक समाचारदाता

जनकपुरधाम, २८ मंसिर। राजनीतिक दलहरूले जेन(जेड युवा तथा महिलालाई प्राथमिकताका साथ सहभागी नगराएसम्म मुलुकमा शान्ति, सुशासन र दिगो विकास सम्भव नहुने निष्कर्ष सार्वजनिक रूपमा व्यक्त भएको छ। जनकपुरधाममा 'राइट्स क्लिनिक'द्वारा आयोजित 'आसन्न आमनिर्वाचनः जेन(जेड युवा र महिलाको सहभागिता' विषयक संवाद कार्यक्रममा सहभागी जेन(जेड युवाहरूले अहिलेको राजनीतिक नेतृत्वप्रति तीव्र असन्तोष पोख्दै संरचनागत परिवर्तनको माग गरेका हुन्।

कार्यक्रममा सहभागी जेन(जेड युवाहरूले स्पष्ट शब्दमा भने 'अब केवल पुराना नेताहरूको नेतृत्वबाट देशको रूपान्तरण सम्भव छैन। उनीहरूले राजनीतिक दलहरूको निर्णय तहदेखि उम्मेदवार छनोटसम्म कम्तीमा ४० प्रतिशत युवा र महिलाको सहभागिता सुनिश्चित गर्न माग गरे। युवाहरूका अनुसार सहभागिता केवल प्रतीकात्मक होइन, नीति निर्माण र कार्यान्वयनमा निर्णायक भूमिका सहित हुनुपर्छ।'

युवाहरूले भदौ २३ र २४ गतेको आन्दोलनको सन्दर्भ उठाउँदै भने 'वर्षौं देखि जड बनेका राजनीतिक संरचनामा परिवर्तन असम्भव ठानिए पनि २७ घण्टाभित्रै सत्ता र व्यवहारमा परिवर्तन सम्भव भएको प्रमाणित भइसकेको छ। यदि आसन्न निर्वाचनमा युवा र महिलालाई संख्याको आधारमा समेत टिकट दिइएन भने अहिलेभन्दा अझ गम्भीर राजनीतिक संकट उत्पन्न हुन सक्ने चेतावनी उनीहरूले दिए। यो भनाइ केवल आक्रोश नभई, दीर्घकालीन राजनीतिक अस्थिरताको संकेतका रूपमा समेत बुझ्नुपर्ने देखिन्छ।'

जानकी महिला जागरणकी अध्यक्ष तथा राइट्स क्लिनिककी सदस्य मन्दाकिनी कर्णको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जेन(जेड युवा तथा महिलाको उल्लेख्य सहभागिता रहेको थियो। सहभागीहरूले वर्तमान नेतृत्वप्रति अविश्वास प्रकट गर्दै देश भ्रष्टाचार, महँगी र ऋणको चपेटामा परेको आरोप लगाए। उनीहरूको भनाइमा जनतामाथि ऋणको बोझ थपिँदै गएको छ, तर सत्तामा रहेका नेताहरू व्यक्तिगत समृद्धिमा मात्र केन्द्रित छन्। निर्वाचनको बेला सुटकेस बोकेर मत माग्ने संस्कृतिले राजनीति बदनाम बनाएको भन्दै युवाहरूले चेतावनीपूर्ण शब्दमा भने(यदि नेताहरू सचेत भएनन् भने युवा पुस्ताले अर्को कदम चाल्न सक्ने सम्भावना अस्वीकार गर्न सकिँदैन।

कार्यक्रममा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा) नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी, तराई(मधेश लोकतान्त्रिक पार्टी र राष्ट्रिय मुक्ति पार्टी नेपालका नेताहरूको उपस्थिति रहेको थियो। यही मञ्चबाट जेन(जेड युवाहरूले कडा स्वरमा भने 'यदि दलहरू समयमै सुधिएनन् भने युवाहरूको नेतृत्वमा छुट्टै राजनीतिक पार्टी गठन नहुने ग्यारेन्टी छैन। यो भनाइले स्थापित दलहरूप्रति बढ्दो अविश्वास र वैकल्पिक राजनीतिक शक्तिको सम्भावनालाई उजागर गरेको छ।'

विशेषगरी कांग्रेस, एमाले र माओवादी केन्द्रप्रति जेनजेड युवा तथा महिलाको आक्रोश बढी देखिएको थियो। उनीहरूले आफ्नो आन्दोलनका मागहरूलाई गम्भीरतापूर्वक सम्बोधन गर्न दलहरूलाई अपीलसमेत गरे। युवाहरूको दबाबपछि नेताहरूले विभिन्न प्रतिबद्धता व्यक्त गरे पनि ती प्रतिबद्धता व्यवहारमा रूपान्तरण हुने(नहुने प्रश्न यथावत् रहेको देखिन्छ।

जेनजेडको मागप्रति प्रतिक्रिया दिँदै नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा प्रदेश सभा सदस्य भरत प्रसाद साहले माओवादी केन्द्रले आफ्नो विधानमा जेनजेड युवालाई भातृ संगठनका रूपमा समेट्ने र पार्टीका सबै निकायमा उनीहरूको सहभागिता सुनिश्चित गर्ने प्रतिबद्धता जनाए। नेकपा एमालेकी मधेश प्रदेश महिला विभाग संगठन प्रमुख शारदा थापाले पनि कार्यक्रमबाट उठेका विषय पार्टीभित्र उठाउने आश्वासन दिँदै युवा र महिलाको आक्रोश जायज रहेको स्वीकार गरिन्।

जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रीय सदस्य तथा प्रदेश सभा सदस्य रामआशिष यादवले युवा तथा महिलाको सार्थक सहभागिताका लागि संविधान संशोधन आवश्यक रहेको धारणा राखे। उनले मधेशवादी दलहरू सुरुदेखि नै यस विषयमा आन्दोलनरत रहेको उल्लेख गरे। लोकतान्त्रिक समाजवादी पार्टीका महासचिव परमेश्वर साहले राजनीतिक दलमा युवा तथा महिलाको सहभागिता अनिवार्य भए पनि त्यसका लागि उनीहरू स्वयं सक्रिय भएर अघि बढ्नुपर्ने बताए। बिना संघर्ष उपलब्धि सम्भव नहुने उनको भनाइ थियो।

राष्ट्रिय मानव अधिकार आयोगका पूर्व आयुक्त तथा वरिष्ठ मानव अधिकारकर्मी सुशिल प्याकुरेलले पनि युवाहरू र महिलाको हरेक राज्य संयन्त्रमा सहभागिताका लागि आफू विगतदेखि नै आवाज उठाउँदै आएको बताए।

कार्यक्रममा नेपाली काँग्रेसका धनुषा उपाध्यक्ष गणेश झा, तराई मधेश लोकतान्त्रिक पार्टीकी केन्द्रिय सदस्य विभा ठाकुर, राष्ट्रिय

बाकी अन्तिम पृष्ठमा

उम्मेदवारहरुको नाम सिफारिस गर्न जसपा नेपालको सर्कुलर

दैनिक समाचारदाता

काठमाडौं, २८ मंसिर। जनता समाजवादी पार्टी (जसपा) नेपालले आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि उम्मेदवारहरुको नाम सिफारिस गर्न मातहत समितिमा सर्कुलर जारी गरेको छ।

संसदीय निर्वाचन क्षेत्र समन्वय समितिले पुस १० गतेभित्र जिल्ला समितिमा र जिल्ला समितिले आवश्यक निर्णयका साथ पुस १५ गतेभित्र प्रदेश समितिमा उम्मेदवारहरुको नाम पठाइसक्नुपर्ने प्रचार प्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिएका छन्।

प्रदेश समितिले जिल्ला समितिबाट प्राप्त नामावलीउपर निर्णय गरी पुस २० गतेभित्र प्रत्येक निर्वाचन क्षेत्रबाट कम्तिमा तीन जनासम्म हुने गरी अनिवार्य रुपले सम्भावित उम्मेदवारहरुको नामावली केन्द्रीय कार्यालयमा पठाउन सर्कुलर गरिएको छ।

बस्नेतका अनुसार समानुपातिक तर्फ प्रत्येक जिल्लाबाट जिल्ला समितिले कम्तिमा ३ जना पुरूष र ३ जना महिला जातीय कलष्टर अनुसार समावेशी हुने गरी प्रदेश समितिमा पठाउने र प्रदेश समितिले उक्त नामावलीमाथि छलफल गरी आफ्नो रायसहित उम्मेदवारहरूको नाम सिफारिस गरी केन्द्रीय कार्यालय वा संसदीय बोर्डमा बुझाउनुपर्ने छ।

कुनै कारणवस तोकिएको निर्धारित समयभित्र प्रतिनिधि सभा निर्वाचनका लागि प्रत्यक्ष/समानुपातिक तर्फका

बाकी अन्तिम पृष्ठमा

एमाले केन्द्रीय कमिटीमा युवालाई ५ प्रतिशत कोटा

दैनिक समाचारदाता

काठमाडौं, २७ मंसिर। नेकपा एमालेको केन्द्रीय कमिटीमा ४० वर्ष मुनिका युवाका लागि करिब ५ प्रतिशत (४.९८) प्रतिनिधित्व सुनिश्चित गरिएको छ।

एमालेले ११औं महाधिवेशनबाट ३०१ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गर्दैछ। जसमा प्रदेशगत प्रतिनिधित्व उपत्यकासहित सबै प्रदेशबाट एक/एक जना युवा आउनेछन्। एमालेको पार्टी संरचनामा ८ प्रदेश छ। यसो हुँदा ८ जना युवा यहाँबाट आउनेछन्।

खुला कोटामा युवाका लागि २, जनजाति आदिवासीतर्फ युवा २, मधेशीतर्फ युवा २ र दलिततर्फ युवा १ जना आउनेछन्। यसो हुँदा ३०१ सदस्यीय केन्द्रीय समितिमा युवा १५ जना हुनेछन्। यो ४.९८ प्रतिशत हो।

पोलिटब्यूरो सदस्य महेश बस्नेतले युवाको लागि ५ कोटा राखिएको जानकारी दिए।

केन्द्रीय कमिटीमा १० देखि १५ प्रतिशतसम्म युवाको सहभागिता सुनिश्चित गर्नुपर्ने माग उठेको थियो।

गत शुक्रबार बसेको सचिवालय बैठकमा एमालेका सचिव योगेश भट्टराईले केन्द्रीय कमिटीमा १५ प्रतिशत युवा कोटा छुट्याउनुपर्ने प्रस्ताव नै राखेका थिए।

अब अनलाइनबाट बुकिङ्गको सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु



दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

सम्पादकीय

मधेशमा बढ्दो आत्महत्या मौन पीडाको भयावह संकेत

मधेश प्रदेशमा पछिल्ला चार वर्षयता आत्महत्याका घटनाले लिएको भयावह रूप केवल एक तथ्याङ्क मात्र होइन, यो समाजभित्र मौन रूपमा फैलिँदै गएको गहिरो संकटको संकेत हो। चार वर्षमा चार हजार पाँच सय ८९ जनाले आत्महत्याबाट ज्यान गुमाउनु सामान्य घटना होइन। अझ चिन्ताजनक त के छ भने, पछिल्लो एक वर्षमै एक हजार दुई सय २२ जनाले आत्महत्या गरेका छन् र तीमध्ये महिलाको संख्या तुलनात्मक रूपमा बढी देखिएको छ। यो तथ्यले मधेश समाजभित्र गहिरिँदै गएको मानसिक, सामाजिक र आर्थिक असन्तुलनतर्फ स्पष्ट संकेत गर्छ।

आत्महत्या कुनै एक व्यक्तिको व्यक्तिगत कमजोरीको परिणाम मात्र होइन; यो सामाजिक संरचना, राज्यको उपेक्षा, परिवारभित्रको दबाब र आर्थिक-मानसिक असुरक्षाको संयुक्त परिणाम हो। तर विडम्बना, हाम्रो राज्य संयन्त्र आत्महत्याको घटना भएपछि मात्रै सक्रिय हुन्छ। राष्ट्रिय मानव अधिकार आयोगका मधेश प्रदेश प्रमुख बुद्धनारायण सहनीले औंल्याएझैं, घटना हुनुअघिका कारण, संकेत र जोखिम अवस्थामाथि गहिरो अध्ययन र रोकथाममा राज्यको ध्यान पुग्न सकेको छैन। यही कारण आत्महत्या रोक्नेभन्दा गन्ने अभ्यास बढ्दो छ।

मधेशमा आत्महत्याका कारणहरू बहुआयामिक छन्। आर्थिक अभाव, बेरोजगारी, ऋणको चाप, प्रेम सम्बन्धमा असफलता, पारिवारिक कलह, सामाजिक बदनामको डर, घरेलु हिंसा, लैङ्गिक विभेद र मानसिक रोगजस्ता कारणहरूले मानिसलाई निराशाको अन्तिम बिन्दुसम्म धकेलिरहेका छन्। चिकित्सकहरूको भनाइमा, मानसिक तनाव र असन्तुलन दीर्घकालसम्म बेवास्ता हुँदा आत्महत्याको जोखिम बढ्छ। तर मधेशमा मानसिक स्वास्थ्य अझै पनि 'लाज' र 'अपराध' जस्तै गरी बुझिन्छ, जसका कारण पीडित व्यक्ति खुलेर उपचार र सहयोग खोज्न सक्दैन।

महिलाको आत्महत्या दर बढी हुनु झनै गम्भीर प्रश्न हो। घरेलु हिंसा, जबर्जस्ती विवाह, दाइजो प्रथा, आर्थिक निर्भरता, सामाजिक नियन्त्रण र आत्मनिर्णयको अभावले महिलालाई निरन्तर मानसिक दबाबमा राखेको छ। परिवार र समाजभित्र सहनशीलताको नाममा महिलालाई चुप बस्न बाध्य पारिन्छ, तर त्यो मौनता अन्ततः आत्मघाती निर्णयमा परिणत भइरहेको छ। यस अर्थमा आत्महत्या केवल व्यक्तिगत त्रासदी होइन, यो पितृसत्तात्मक संरचनामाथिको गम्भीर अभियोग पनि हो।

राज्यका निकायहरू अझै पनि आत्महत्यालाई केवल कानुनी र प्रहरीको विषयका रूपमा बुझिरहेका छन्। अनुसन्धान, पोष्टमार्टम र तथ्याङ्क संकलनमा सीमित दृष्टिकोणले समस्या समाधान हुँदैन। आवश्यक छ–पूर्वचिन्ह पहिचान गर्ने प्रणाली, समुदायस्तरको निगरानी, मानसिक स्वास्थ्य सेवा र सामाजिक समर्थन सञ्जालको विस्तार। महिला आयोगकी सदस्य आभासेतु सिंहले भनेझैं, परिवार र नजिकका व्यक्तिले व्यवहारगत संकेत चिन्न सके आत्महत्या रोक्न सकिन्छ। तर त्यसका लागि समाज स्वयं संवेदनशील हुनुपर्छ।

प्रहरी, स्वास्थ्य सेवा, स्थानीय सरकार, विद्यालय र समुदायबीच समन्वय आवश्यक छ। आत्महत्या न्यूनीकरणका लागि नियमित सचेतना अभियान, विद्यालयस्तरमा मानसिक स्वास्थ्य शिक्षा, पालिकास्तरमा परामर्श सेवा, निःशुल्क हेल्पलाइन र जोखिम समूहका लागि विशेष कार्यक्रम अनिवार्य हुनुपर्छ। मनोचिकित्सकहरूको सुझावलाई केवल कागजमा सीमित नराखी व्यवहारमा उतार्न राज्यले बजेट, जनशक्ति र नीतिगत प्रतिबद्धता देखाउनुपर्छ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, आत्महत्या गर्ने व्यक्तिलाई दोषी ठहर गर्ने सामाजिक मानसिकता परिवर्तन गर्न जरुरी छ। आत्महत्या रोकथामको पहिलो सर्त नै सहानुभूति, संवाद र समयमै सहयोग हो। जब समाजले पीडितलाई सुन्न सिक्छ, तब धेरै ज्यान बच्न सक्छन्।

मधेशमा बढ्दो आत्महत्या राज्यका लागि चेतावनी हो। यदि अहिले पनि यसलाई गम्भीर रूपमा नलिइए, यो संकट अझ गहिरिँदै जानेछ। आत्महत्या रोकथाम केवल नीति निर्माणको विषय होइन, यो सामाजिक न्याय, मानव अधिकार र मानवीय संवेदनाको परीक्षा हो। अब ढिलो नगरी राज्य, समाज र परिवार सबैले जिम्मेवारी लिनैपर्छ–किनकि एक पनि ज्यान गुम्नु स्वीकार्य हुन सक्दैन।

तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

टीनएजर मार्क्सवाद

जागृत रायमाझी

जिज्ञासुपना र कल्पनाशीलता मानवजातिको विकाससँगै आदिम समयदेखिकै मानवीय गुण थियो । प्राकृतिक उत्पादनमा निर्भर प्राकृतिक अथवा आदिम साम्यवादी युगबाट मानवीय उत्पादनको युगमा सङ्क्रमण सँगसँगै मानव जातिले भाषा, धारणा, दृष्टिकोण र दर्शनको विकास गर्न पुग्यो । मानव जातिले उत्पादनको लागि गरेको सङ्घर्ष, हजारौँ वर्षसम्मको प्रकृतिसँगको सहवरणको अनुभव र वर्गहरूको उदयसँगै युग सापेक्ष वर्ग सङ्घर्षको अनुभवजस्ता वस्तुगत कारण एवं जिज्ञासुपना, स्मरण क्षमता, कल्पनाशीलता र तर्क क्षमताजस्ता आत्मगत कारणको योग थियो, 'दर्शनको जन्म' । कुनै पनि दर्शन एकजना महान् व्यक्ति वा दार्शनिकको गिदीबाट चामत्कारिक रूपमा जन्मने विषय होइन । बरु मानवजातिले गरिरहेको उत्पादनको लागि सङ्घर्ष, वर्गसङ्घर्ष र प्रकृतिसँगको सहकार्यको युगसापेक्ष संश्लेषण हो । यसर्थ, हरेक दर्शनको जन्म युगसापेक्ष हुन्छ । र त्यो दर्शनको विकास, आयु र अन्त्य पनि ।

त्यसो हुँदा झन्डै २०० वर्ष उमेर पुग्न लागेको मार्क्सवादको उमेर कति भयो ? या केही पुँजीवादी चिन्तकहरूले भनेजस्तै इतिहासका कैयौँ दर्शनजस्तै मार्क्सवादको पनि आयु सकियो ? या प्रस्तुत लेखकको शीर्षकजस्तै मार्क्सवाद भर्खर किशोरावस्था या टिन एजरमा प्रवेश गरिरहेको छ ? आजको विज्ञान प्रविधिको उत्कर्षयुक्त युगमा कसरी मार्क्सवाद बल्ल तन्नेरी बन्दैछ ? प्रस्तुत आलेख दर्शनको परिचय र आजको सन्दर्भमा मार्क्सवादमा नै केन्द्रित छ ।

दर्शनको शाब्दिक अर्थ हेर्नु हो । वस्तुगत जगत, मानव समाज र मानवीय चिन्तन प्रक्रियालाई हेर्ने दृष्टि दर्शन हो । अङ्ग्रेजीमा उजर्षयकयउजथ ग्रीक भाषाको उजर्षय र कयउजष्व मिलेर बन्यो । उजर्षय अर्थात् प्रेम र कयउजष्व अर्थात् ज्ञान मिलेर दर्शनलाई ज्ञानको प्रेमको रूपमा व्याख्या गरियो । मानव जातिसँग अज्ञानता र रहस्य घनीभूत थियो । त्यसकारण प्रारम्भकालमा नै दर्शनले त्यस्तो मूल सत्ताको खोजी गर्न पुग्यो कि जसबाट सिङ्गै प्रकृति र मानवजातिको बारेमा जान्न र व्याख्या गर्न सकियोस् ।

आफ्नो - आफ्नो समाजको विकासको सापेक्षतामा समय तलमाथि भएपनि पूर्वीय दर्शन, युनानी दर्शन र चिनीयाँ दर्शन सबैमा तत्व, सङ्ख्या र परमाणुलाई अन्तिम सत्ता मानेर प्रकृति र मानवजातिको व्याख्या, विश्लेषण गर्न थालियो । कन्फ्युसियस, थेलिज, पिथागोरस, डेमोक्रिटस्, कनाद, लाओत्से, बृहस्पति लगायत सबै दार्शनिक र दर्शनले त्यही मेहनत गरे । सँगसँगै अध्यात्मवाद अथवा ईश्वरवादले ईश्वरलाई त्यस्तो मूल सत्ताको रूपमा व्याख्या गऱ्यो जसबाट प्रकृति र मानवजातिको जन्म र विकास भएको मान्न थाल्यो । मानव जातिले आधुनिक ७० हजार वर्षमध्ये झन्डै ६५ हजार वर्ष त भौतिकवादी भएरै बिताए । तथापि त्यतिबेला भौतिकवादी बौद्धिकता या सैद्धान्तिकता संश्लेषित भने थिएन । मानवीय व्यवहार र प्रयोगमै सीमित थियो । पछि अध्यात्मवाद अथवा ईश्वरवादको आगमनपछि अध्यात्मिक दर्शनले ईश्वरलाई मूल सत्ता मान्यो । जेहोस् संसारका सबै दर्शन र दार्शनिकले त्यस्तो मूल सत्ताको खोजी गर्न प्रयत्न गरे जसबाट प्रकृति र मानवजातिको व्याख्या गर्न सकियोस् । यसर्थ, दर्शन भनेको त्यस्तो मूल सत्ता अथवा सत्यको खोजी हो जसबाट प्रकृति, मानवजाति र सम्पूर्ण प्राणी अर्थात् संसारको व्याख्या गर्न सकियोस् ।

दर्शनको सङ्क्षेपीकरण

संसारका सबै दर्शनहरूलाई हामी मूलतः तीनवटा आँखाबाट हेर्न सक्छौँ । पहिलो, सत्ता संरचनाको आँखा । सत्ता संरचनाको आँखाबाट दर्शनलाई दुई भागमा विभाजन गर्न सकिन्छ । एक, आदर्शवाद, प्रत्ययवाद अथवा अध्यात्मवाद र दुई भौतिकवाद । चेतना (आत्मा)लाई मूल सत्ता संरचना मान्ने दर्शन आदर्शवाद हो भने पदार्थलाई मूल सत्ता संरचना मान्ने दर्शन भौतिकवाद । दोस्रो सत्ता सङ्ख्याको आँखा । सत्ता सङ्ख्याको आँखाबाट दर्शन तीन भागमा विभाजित छ । एक, अद्वैतवाद, दुई, द्वैतवाद र तीन, बहुलवाद । पदार्थ र चेतनामध्ये एउटा सत्ता संरचनालाई मान्ने दर्शन अद्वैतवाद हो । दुवै वा दुई सत्ता संरचनालाई मान्ने दर्शन द्वैतवाद । र दुईभन्दा बढी सत्ता संरचनालाई मान्ने दर्शन बहुलवाद हो ।

र तेस्रो अध्ययन विधिको आँखा । जसलाई अधिभूतवादी र द्वन्द्ववादी दुई भागमा विभाजन गर्न सकिन्छ । प्रकृति, मानव समाज र प्राणीलाई स्थिर मानेर अध्ययन गर्ने दर्शन अधिभूतवादी दर्शन हो भने प्रकृति, मानव जाति र प्राणीलाई गतियोग्य मानेर अध्ययन गर्ने दर्शन द्वन्द्ववादी हो ।

मार्क्सवादको जन्मः ऐतिहासिक आँखीझ्याल

भौतिक तत्त्व वा पदार्थलाई मूल सत्ता संरचना मान्ने, अद्वैतवादी र द्वन्द्ववादी दर्शन हो, मार्क्सवाद । यसले प्रकृति, मानवजाति र प्राणीलाई गतियोग्य अथवा परिवर्तनीय भनेर व्याख्या गऱ्यो । मार्क्सवादको आगमनअघि दर्शनको काम संसारको व्याख्यामा सीमित थियो । तर मार्क्सवादले दर्शनको काम संसारको व्याख्या मात्र गर्नु होइन, मुख्य कुरा त संसारलाई बदल्नु हो भन्यो । मार्क्सवादपछि नै मानवजातिले आफ्नो मुक्तिको वैज्ञानिक वैचारिकी वा दार्शनिकी फेला पाऱ्यो ।

द्वन्द्वात्मक भौतिकवादको आँखीझ्याल

द्वन्द्ववादको प्रयोग प्राचीनकालदेखि नै गरिएपनि हेगेलले द्वन्द्ववादलाई दार्शनिक स्वरूपमा ढाले । मार्क्सले आरुनो द्वन्द्वात्मक भौतिकवादमा हेगेलकै द्वन्द्ववादलाई स्रोतको रूपमा लिए । पदार्थलाई वस्तुगत जगतको आधार मान्नु र वस्तुगत जगतलाई गतियोग्य मान्नु द्वन्द्वात्मक भौतिकवादको मुख्य सिद्धान्त हो । यसले मानव समाज अथवा वस्तुगत जगतलाई परिवर्तनीय भनिदियो । र त्यस परिवर्तनको प्रक्रियाको नियमको रूपमा मात्राबाट गुण, प्रतिपक्षीको एकता र सङ्घर्ष र निषेधको निषेध नियमलाई अगाडि ल्यायो ।

ऐतिहासिक भौतिकवादको आँखीझ्याल

द्वन्द्वात्मक भौतिकवाद अर्थात् परिवर्तन वा गतिको सिद्धान्त, विकासको सिद्धान्त र अन्तरसम्बन्धका सिद्धान्तलाई मानव समाजमा फिट गर्नु ऐतिहासिक भौतिकवाद हो । यसको मतलब, एक, संसार र मानव समाज परिवर्तनीय छ । संसारलाई वा मानव समाजलाई परिवर्तन गर्न सकिन्छ । दुई, यो परिवर्तन निम्नबाट उच्च, विशिष्टबाट सामान्य, अपूर्णबाट पूर्ण, सरलबाट जटिल, जडबाट चेतनको विकासक्रममा विकसित हुन्छ । र तीन, संसारका सबै पदार्थ अन्तरसम्बन्धित छन् भन्नु हो । मानव समाजको आधार संरचना उत्पादक शक्ति हो । उत्पादक शक्तिको अनुरूपतामा उत्पादन सम्बन्ध रहन्छ । साथै उत्पादन सम्बन्ध उत्पादक शक्तिमा निर्भर रहन्छ । सामाजिक व्यवस्थाको परिवर्तन भनेको पहिला उत्पादक शक्तिको परिवर्तन र त्यसले उत्पादन सम्बन्धमा ल्याउने परिवर्तन हो ।

ऐतिहासिक भौतिकवादको यो वैज्ञानिक दृष्टिले समाज, राष्ट्र, मानवजाति र यसको विकासको शृङ्खलालाई छर्लङ्ग हेर्न सक्ने दृष्टिकोण दिन सम्भव भयो ।

मार्क्सवादी वृत्तका केही विभ्रम : पदार्थ प्रधान कि चेतना ?

जब दर्शनको बहस चल्छ, तब दुईवटा शब्दलाई कुस्ती खेलाइन्छ । पहिला चेतना कि पदार्थ ? अथवा चेतना प्रधान कि पदार्थ ? यो बहसमा अध्यात्मवादी (ईश्वरवादी)ले मानव परिकल्पनाकै उपजको ईश्वरीय चेतनालाई पहिलो र प्रधान भनेर व्याख्या गर्छन् । यता भौतिकवादी भने पदार्थलाई प्रधान अथवा पहिलो । लेनिनले हाम्रो चेतनाभन्दा बाहिर स्वतन्त्र रूपमा अस्तित्वमा रहेको वस्तुलाई पदार्थ भनेका छन् । एङ्गेल्सले पदार्थ र गतिलाई एकअर्काको परिपूरक बनाएका छन् । मार्क्सवादले मानव चेतनालाई पदार्थबाट अलग्याएर कुनै अद्भुत चिजको रूपमा चेतनालाई परिभाषित गरेको थिएन । तर, पदार्थ र चेतनाको कुस्तीमा पदार्थतिर लागिरहँदा नेपाली मार्क्सवादीले बेलाबेला चेतना के हो त भन्ने प्रश्न नै भुलेको पाइन्छ ।

वास्तवमा पदार्थका मूल दुई स्वरूपमध्ये एउटा वस्तु(जड) र अर्को चेतना हो । चेतना आफैँमा पदार्थ हो । चेतना वस्तुको प्रतिबिम्ब पनि हो । स्मरण, कल्पनाशीलता र तर्कजन्य गुण भएको कारण मानव चेतनाको आयाम अलि फराकिलो भएको मात्रै हो ।

त्यसकारण काल्पनिक ईश्वरीय चेतनालाई अस्त्र बनाएर दर्शनको बहसमा पक्षधरता लिने अध्यात्मवादीको अतिलाई छोडेर मानव चेतनालाई पनि पदार्थभन्दा पर र फरकरुपमा बुझ्नु वा प्रशिक्षित गर्नु गलत हुन जान्छ ।

सापेक्षतावाद र क्वान्टम विज्ञानपछि त चेतना र पदार्थको स्वरुपको बहसले उत्तर पाइसकेको छ । विज्ञानले द्रव्य र शक्ति दुवैलाई पदार्थको रूप भनेर प्रमाणित गरेको छ । त्यसकारण दर्शनले भन्ने चेतना र जड पनि पदार्थका दुई रूप भएका छन् । अर्थात् जड(वस्तु) र चेतना दुवै पदार्थ हुन् । या पदार्थका दुईवटा स्वरूप हुन् ।

परिवर्तनशील कि परिवर्तनीय ?

अध्यात्मवादीले त संसारलाई परिवर्तनशील छ भन्दैनन्, बरु यसलाई जानिसाध्य छैन भन्छन् । हामीले केही पनि फेर्न, बदल्न सक्दैनौँ । संसार स्थिर छ भन्छन् । तर मार्क्सवादीले पनि संसार आफैँ परिवर्तन हुने जसरी संसार परिवर्तनशील छ भनेर भन्दै आए । र प्रकृतिमा भएको परिवर्तनलाई आफैँ भइरहने परिवर्तनको रूपमा व्याख्या गरिदिए । पदार्थ र ऊर्जाको संयोजनमा मात्र परिवर्तन वा गति पैदा हुन्छ । त्यो गति भौतिक गति, रासायनिक गति, जैविक गति र सामाजिक गतिको रूपमा देखापर्छ । गतिका यिनै आयाम प्रकृतिमा देखा परेर नै संसारमा परिवर्तन देखिएको हो । यसकारण संसार परिवर्तनशील छ भन्नु भन्दा परिवर्तनीय छ भन्नु वाञ्छनीय हुन्छ । जसरी पदार्थमा ऊर्जा मिसिएन भने गति पैदा हुन्न, ठिक त्यस्तै समाजमा पनि सामाजिक उत्पादन प्रणाली र सङ्घर्षले मात्र समाज परिवर्तन हुने हो । संसार परिवर्तनशील छ भनेपछि त यसलाई किन परिवर्तन गरिरहन पऱ्यो, संसार आफैँ परिवर्तन हुन्छ नि भन्ने अर्थ लाग्छ । तर संसार परिवर्तनीय छ भनेपछि हामी परिवर्तन गर्न लागि परेनौँ भने संसार परिवर्तन हुन्न भन्ने बुझाइ हुन्छ ।

त्यसकारण स्थिरताको सापेक्षमा गतिलाई बुझ्नु ठिक हुन्छ । यदि गति छ भने स्थिरता पनि छ अथवा अति धिमा गति पनि छ । यदि ऊर्जा छ भने ऊर्जा पनि सापेक्ष छ । पदार्थ र ऊर्जाको संयोजनबाट गति बन्छ भने समाजमा पनि समाज र समाजको सचेत प्रयत्नबाट मात्रै परिवर्तन हुन्छ ।

आन्तरिक कि बाह्य ?

मार्क्सवादले कुनैपनि चिज वा वस्तुको विकास र विनाशमा प्रायः प्रधान कारण आन्तरिक हुन् भन्यो । तर, निरपेक्ष प्रधान कारण आन्तरिक हुन्छ भनेको होइन । हामीकहाँ भने हरेक घटना, व्यक्ति, समाज र वस्तुको विकास र विनासको मुख्य कारण आन्तरिक भन्ने भाष्य फैलियो । र, कुनै घटना, व्यक्ति, समाज र वस्तुको विकास र विनाशमा मुख्यगरी आन्तरिक कारणमात्र खोतल्ने काम भयो । कैयौँ बाह्य कारणको प्रधानताले पनि वस्तुको विकास र विनाश निर्भर हुन्छ भन्ने तथ्यलाई इन्कार गरियो । द्वन्द्ववादको सामान्य नियम अझ द्वन्द्वात्मक भौतिकवादको नियमभन्दा धेरै पर पुगेर हामीले क्रान्ति र समाजवादको पतनका आन्तरिक ऐतिहासिक कारणमात्र खोज्न थाल्यौँ । जबकि आन्तरिक कारण मुख्य हुन् भन्नुको तात्पर्य बाह्य कारण गौण हुन् भनेको होइन । र बाह्य कारण प्रधान कहिल्यै हुनै सक्दैन भनेको पनि होइन ।

किन टीनएजर भयो मार्क्सवाद ?

समाजवादी सत्ताको पतन खासगरी रुस र चीनको समाजवादको अन्त्यसँगै पुँजीवादका अनुयायीले लगातार एउटा हौवा पिटिरहे कि अब मार्क्सवादको पनि अन्त्य भयो । मार्क्सवाद पुरानो भयो, मार्क्सवादको औचित्य समाप्त भयो, यस्तै यस्तै । पहिलो कुरा त पुँजीवादको जन्म भएको झन्डै ५०० वर्ष भयो, मार्क्सवाद २०० वर्ष पनि पुगिसकेको छैन । दोस्रो कुरा, पुँजीवाद जो आज भूमण्डलीकृत पुँजीवादको रूपमा विकसित भएको छ, यसको विकासको नजिर दिएर मार्क्सवादको अन्त्य भएको तर्क गरिन्छ । एक त आजको भूमण्डलीकृत पुँजीवाद वा पुँजीवाद संसार लुटेर टिकेको हो । फ्रान्स, जर्मन र बेलायतकालीन साम्राज्यवाद होस् या अमेरिकी साम्राज्यवाद होस् अथवा यसको विकसित स्वरूप आजको भूमण्डलीकृत पुँजीवाद होस् । कमजोर राष्ट्रमाथि मानव नरसंहारको कीर्तिमान कायम गरेर, कमजोर राष्ट्रको प्राकृतिक स्रोतमाथि कब्जा गरेर या लुटतन्त्र चलाएर आजको पुँजीवाद टिकिरहेको हो । यदि आजको पुँजीवादलाई सफल मान्ने हो भने सदियौँदेखि पुँजीवादले गर्दै आएको नृशंस नरसंहार र लुटलाई पनि सही वा जायज मान्नुपर्ने हुन्छ । तर, समाजवादी सत्ता जति समय टिके, लुट र हत्यामा होइन, उत्पादन र आत्मनिर्भरताको आडमा टिके । यद्यपि समाजवादको प्रयोगमा गम्भीर त्रुटि छँदै थिए ।

मार्क्सवादको उदयसँगै आएको वैज्ञानिक समाजवादी सामाजिक व्यवस्था, वर्ग सङ्घर्षको सिद्धान्त, द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादको सिद्धान्त, अतिरिक्त मूल्यको सिद्धान्त, क्रान्तिकारी शक्तिको रूपमा परिभाषित गरिएको सर्वहारा वर्गको अवधारणा र साम्यवादसम्मको लक्ष्यको औचित्य सबै समाप्त भएको तर्कसमेत मार्क्सवाद विरोधीले पेस गर्दै आएका छन् । आजको युगमा मार्क्सवाद साँच्चै मक्किएको हो ? या मार्क्सवाद बल्ल यौवनावस्थामा छ ? वैज्ञानिक समाजवाद र साम्यवादको लक्ष्य या आवश्यकता अबको युगमा छ कि छैन ? मार्क्सवादभन्दा अझ वैज्ञानिक विश्व दृष्टिकोण अरु कुनै छ त ? हामी निम्न यथार्थका आधारमा स्पष्ट भन्न सक्छौँ - मार्क्सवाद बल्ल टिनएजर अर्थात् यौवनावस्थामा पुग्दैछ ।

मुख्य उत्पादक शक्तिः विज्ञान प्रविधि

मार्क्सवादले दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद तीनवटै क्षेत्रमा ऐतिहासिक संश्लेषण गऱ्यो । त्यसमध्ये एउटा महत्वपूर्ण विषय हो - उत्पादक शक्ति । उत्पादक शक्ति भनेको उत्पादन प्रणालीमा भूमिका खेल्ने हरेक शक्ति उत्पादक शक्ति हुन् । जस्तो जमिन, पुँजी, प्रविधि, मानव श्रम आदि । कुनै पनि सामाजिक व्यवस्थाको परिवर्तन उत्पादक शक्तिको परिवर्तनपछि मात्र सम्भव छ । प्रकृति उत्पादक शक्ति भएको आदिम साम्यवादलाई सामूहिक मानव श्रम उत्पादक शक्ति भएको दास युगले विस्थापित गऱ्यो । सामूहिक मानव श्रम (दासको श्रम) प्रमुख उत्पादक शक्ति भएको दास युगलाई जमिन मुख्य उत्पादक शक्ति भएको सामन्तवादले, जमिन मुख्य उत्पादक शक्ति भएको सामन्तवादलाई पुँजी मुख्य उत्पादक शक्ति भएको पुँजीवादले विस्थापित गऱ्यो । पुरानो उत्पादक शक्तिसँग उत्पादन क्षमता रहेसम्म कुनै सामाजिक व्यवस्थामा अर्थात् उत्पादन

बाँकी ३ पृष्ठमा

स्वास्थ्यका लागि लाभदायक केराको बोक्रा, कसरी प्रयोग गर्ने?

एजेन्सी

काठमाडौं । केरा स्वास्थ्यका लागि निकै फाइदाजनक हुन्छ। तर, के तपाईंलाई थाहा छ, केराको बोक्रामा पनि धेरै पौष्टिक तत्त्वहरू हुन्छन् जुन अत्यन्त लाभदायक छन् ।प्रायः मानिसहरू केराको बोक्रा फाल्छन्, जबकि यसलाई विभिन्न तरिकाले प्रयोग गर्न सकिन्छ। केराको बोक्रालाई कसरी प्रयोग गर्न सकिन्छ भन्ने बारेमा यहाँ सबै जानकारी प्रस्तुत गरिएको छ ।

केराको बोक्रा सुगर (मधुमेह) सँग जुधिरहेका मानिसहरूका

पाचन प्रणालीका लागि उपयोगीः

केराको बोक्रा पाचन प्रणालीलाई बलियो बनाउन मद्दत गर्छ । यसमा घुलनशील र अघुलनशील फाइबर पाइन्छ, जसले आन्द्राको सफाइमा मद्दत गर्छ । यसको सेवनले कब्जियत, ग्याँस र अपच जस्ता समस्याहरूमा राहत मिल्न सक्छ । यसले पेट सम्बन्धी समस्याहरूलाई बिस्तारै कम गर्छ ।

मुटुको स्वास्थ्यका लागि लाभदायकः

केराको बोक्रा मुटुको स्वास्थ्यका लागि पनि लाभदायक हुन्छ । यसमा पोटासियम पाइन्छ, जसले शरीरमा सोडियमको स्तरलाई सन्तुलित गर्न मद्दत गर्छ । केराको बोक्राले रक्तचाप नियन्त्रित राख्छ र मुटु सम्बन्धी रोगहरूको सम्भावना पनि कम गर्छ ।

छाला र कपालको हेरचाहमा उपयोगीः

केराको बोक्रा छाला र कपालको हेरचाहमा पनि उपयोगी छ। यसमा एन्टीअक्सिडेन्ट तत्त्वहरू पाइन्छन्, जसले छालालाई हानि पुऱ्याउने फ्री र्‍याडिकल्सबाट बचाउँछन् । यसको दैनिक सेवन वा बाहिरी प्रयोगले छालामा चमक ल्याउँछ र कपाल पनि बलियो बनाउँछ।

सुगर नियन्त्रण र तौल व्यवस्थापनमा मद्दतः

लागि पनि धेरै फाइदाजनक हुन सक्छ। यसमा पाइने फाइबरले रगतमा चिनीको मात्रालाई बिस्तारै बढ्न मद्दत गर्छ। यसका साथै, यसले लामो समयसम्म पेट भरिएको महसुस गराएर तौल नियन्त्रण गर्न सहयोग गर्न सक्छ।

केराको बोक्रा प्रयोग गर्ने तरिकाः

चिया बनाएर पिउनेः

सधैं ताजा र राम्ररी धोएको जैविक केराको बोक्रा मात्र सेवनका लागि प्रयोग गर्नुपर्छ । बोक्रालाई साना टुक्राहरूमा काटेर पानीमा १० देखि १५ मिनेटसम्म उमाल्ने । त्यसपछि यो पानीलाई छानेर हल्का चियाको रूपमा पिउन सकिन्छ ।

पाउडर बनाएर सेवन गर्नेः

तपाईं उमालेको बोक्रालाई सुकाएर पाउडर बनाउन सक्नुहुन्छ। नियमित रूपमा आधा चम्चा पाउडरलाई मनतातो पानी वा स्मूदीमा मिसाएर लिन सकिन्छ ।

पहिलो पटक सेवन गर्दा कम मात्राबाट सुरु गर्ने र कुनै पनि समस्या देखिएमा विशेषज्ञको सल्लाह लिन आवश्यक छ । यदि पहिलेदेखि नै कुनै गम्भीर रोगबाट ग्रसित भएमा, आयुर्वेद चिकित्सकसँग परामर्श लिएर मात्रै यो उपाय अपनाउनु पर्छ, नत्र फाइदाको सट्टा हानि हुन सक्छ ।

मौसमी रुघाखोकीबाट जोगिन के गर्ने ?

डा. आलोक ढुङ्गेल

चिसो मौसम सुरु भइसकेको छ । चिसोका कारण केही स्वास्थ्य समस्याहरू देखा पर्ने समस्या हुन्छ । मौसम परिवर्तनको समयमा मानिसहरूमा खास गरी रुघाखोकीको समस्या बढी हुने गर्छ । मौसमी रुघाखोकी छिटो फैलिन्छ । त्यसैले हरेक व्यक्तिले चिसोका कारण लाग्न सक्ने रुघाखोकीबाट जोगिनका लागि सावधानी अपनाउन आवश्यक छ ।

रुघाखोकी लाग्न नदिन निम्नानुसार सावधानीका उपाय लागू गर्न सकिन्छ । इन्फ्लुएन्जाको भ्याक्सिन लगाउने, घरबाहिर निस्किँदा मास्क प्रयोग गर्ने, न्यानो कपडा लगाउने, चिसोबाट जोगिने ।

अन्य दीर्घरोगका बिरामीलाई पनि चिसोले नराम्रो असर गर्न सक्छ । विशेष गरी मुटु, मिर्गौला, दम तथा क्यान्सर रोगको औषधि सेवन गरिरहेका बिरामीमा चिसोका कारण स्वास्थ्य अवस्था बिग्रन सक्छ । यस्तै, जटिल मानसिक स्वास्थ्य समस्या भएका र अङ्ग प्रत्यारोपण गरेका व्यक्तिहरूलाई पनि चिसोका कारण अस्वस्थ हुने जोखिम रहन्छ ।

चिसोका बेला नसाहरू साँघुरिने भएकाले हार्ट अट्याक, स्ट्रोक लगायतका समस्या पनि बढ्न सक्छ । यो समय दमका रोगीहरूलाई पनि अझ गाह्रो हुनसक्छ । यस्तै, श्वासप्रश्वाससम्बन्धी समस्या बढी देखिन्छ । त्यसैले यस्ता बिरामीले आफ्नो स्वास्थ्यप्रति समयमै सचेत हुनुपर्छ । यस्तै पाँच वर्षभन्दा कम उमेरका बालबालिका र ६५ वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिकलाई पनि चिसोका कारण स्वास्थ्यमा समस्या देखिन सक्छ।

कस्तो अवस्थामा अस्पताल जाने ?

सामान्य मौसमी रुघाखोकी घरेलु उपचारले पनि केही दिनमा आफैं ठिक हुनसक्छ । तर अत्यधिक ज्वरो आउने, औषधि खाँदा पनि कम नहुने, सास फेर्न गाह्रो हुने, छिटोछिटो सास फेर्ने, सास फेर्दा घाँटीको नसा तन्किएकोजस्तो महसुस हुने, होस हराएको वा लट्ठ भएको, रक्तचाप कम भएको, अक्सिजन लेबल घट्ने लक्षणहरू छन् भने तुरुन्त अस्पताल जानुपर्छ ।

मौसमी रुघाखोकी र अन्य रोगहरूबाट बच्न चिसो र धुलोधुँवाबाट जोगिनुपर्छ । घरबाहिर निस्किँदा रुघाखोकी लागेका व्यक्तिहरूसँग टाढा बस्ने र हात मिलाउने गर्नुहुँदैन ।

कोभिडको समयमा जस्तै व्यक्तिगत सरसफाइमा ध्यान दिने र चिसोबाट जोगिन सकेमा अहिलेको मौसमी रुघाखोकीबाट जोगिन सकिन्छ ।

(डा.ढुङ्गेल नर्भिक अस्पतालमा कन्सलटेन्ट फिजिसियनका रूपमा कार्यरत छन)

माइग्रेशन हराएको सूचना

घरबाट जनकपुरधाम आउने क्रममा बाटोमा हाम्रो माइग्रेशन सर्टिफिकेट सहितको कागजातहरु हराएकोले पाउनु हुने महानुभावहरु निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा पुर्‍याई सहयोग गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ ।

नाम : मिना कुमारी सिंह
ठेगाना : जि.ध.जनकपुरधाम उपमहानगरपालिका वडा नं. १४
हाल : जि.ध.जनकपुरधाम उपमहानगरपालिका वडा नं. १४
सिम्बल नं. : २१८००६४२
रजि नं. : ७२१८१८००८
सम्पर्क नं. : ९८२२३८५७२५

माइग्रेशन हराएको सूचना

घरबाट जनकपुरधाम आउने क्रममा बाटोमा हाम्रो माइग्रेशन सर्टिफिकेट सहितको कागजातहरु हराएकोले पाउनु हुने महानुभावहरु निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा पुर्‍याई सहयोग गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ ।

नाम : आरती जयसवाल
ठेगाना : जि.ध.सबैला नगरपालिका वडा नं. २
हाल : जि.ध.जनकपुरधाम उपमहानगरपालिका वडा नं. ४
सिम्बल नं. : २१७०४५७८
रजि नं. : ७६१७६३००१
सम्पर्क नं. : ९८१२१२६१२५

टीनएजर.....

सम्बन्धमा परिवर्तन सम्भव छैन । मार्क्सले आरुनो युगको उत्पादक शक्ति पुँजी, प्रविधि र मानव श्रममध्ये सामूहिक मानव श्रमलाई प्रमुख उत्पादक शक्तिको रूपमा ल्याउन चाहन्थे । र त मानव श्रमलाई श्रम शक्तिको रूपमा परिभाषित गर्थे । रुस र चीनको समाजवादी क्रान्ति पुँजीवादलाई ढाल्दै श्रम शक्तिलाई मुख्य उत्पादक शक्ति बनाउँदै वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न भएको थियो ।त्यतिबेला पनि श्रम शक्तिलाई प्रमुख उत्पादक शक्ति बनाउन प्रयत्न गर्दा अन्य सहायक उत्पादक शक्ति जस्तो जमिन, प्रविधिलाई प्रयोग गर्ने भन्ने नै थियो । तर मुख्य उत्पादक शक्ति नबदली सामाजिक व्यवस्था बदलिँदैन भन्ने तथ्य ऐतिहासिक भौतिकवादी दृष्टिले सिद्ध गरिदियो ।रुस र चीनको समाजवादपछि खासगरी दोस्रो विश्वयुद्धपछि मानव श्रम, पुँजी र जमिनलाई कमजोर बनाउँदै नयाँ उत्पादक शक्तिको रूपमा विज्ञान प्रविधि आयो । रुस र चीनको समाजवादले पक्रिन नसकेको एउटा मुख्य विषय भनेकै श्रम शक्तिको आधारमा विकास गर्न खोजिएको समाजवादलाई विज्ञान प्रविधिमा आधारित वैज्ञानिक समाजवादमा रूपान्तरण गर्न नसक्नु हो । नयाँ मुख्य उत्पादक शक्तिको रूपमा आएको विज्ञान प्रविधिलाई प्रयोग गरेर पुँजीवादले भूमण्डलीकरणको स्वरूप लियो भने वैज्ञानिक समाजवादी पतनतिर गए ।नयाँ र मुख्य उत्पादक शक्तिको रूपमा आएको विज्ञान प्रविधिले प्रचुर उत्पादन, समानता र निजी स्वामित्वको अन्त्यको वैज्ञानिक समाजवादी विशेषता लिएर आयो । किनकी विज्ञान प्रविधिमार्फत् उत्पादन गर्दा छ्यालब्याल उत्पादन हुन सक्ने, छ्यालब्याल उत्पादनको विनिमय, वितरण र उपभोग समान गर्दा समानता हुन सक्ने र जमिन, पुँजी, औजारजस्तो विज्ञान प्रविधि निजी हुन नसक्ने सम्भावनालाई विज्ञान प्रविधि मार्फत् सुनिश्चित गर्न सकिने स्थिति बन्यो । त्यसकारण मार्क्सवादले वैज्ञानिक समाजवादभित्र जेजस्ता विशेषताको परिकल्पना गरेको थियो, त्यो विज्ञान प्रविधिको प्रयोगले अति सहज हुने स्थिति पैदा भएको छ । यसकारण प्रचुर अर्थात् छ्यालब्याल उत्पादन गर्ने वैज्ञानिक समाजवादको विशेषता प्रमुख उत्पादक शक्ति विज्ञान प्रविधि हुँदा सम्भव हुने भएको छ । यस अर्थमा मार्क्सवाद बल्ल यौवनावस्थामा छ ।

श्रमको अन्त्य वा न्यूनीकरणको युग

जब मानवजातिले उत्पादन गर्न थाल्यो तब श्रमको सुरुवात भयो । उत्पादन प्रक्रियामा मानवजातिको प्रयत्न गर्नु अगाडि मानवश्रम थिएन । अर्थात् मानव श्रमविहीन युग पनि हजारौं वर्ष रह्यो । जब मानव श्रमको सुरुवात भयो, श्रमको सहायताबाट मानिसले आविष्कार र उत्पादनका रेकर्डहरू बनाउन थाले । र आजसम्म पनि संसारको सबैभन्दा सुन्दर मानिस श्रम गरिरहेकै मानिस हो । तर समाजमा मानव श्रम कायम रहिरहँदा विभेदका दुईवटा वस्तुगत कारण जीवित हुने रहेछन् । एक त मानवश्रम सुरु भएपछि नै वर्ग समाज पनि सुरु भएको छ । दोस्रो, श्रम विभाजित गर्दा हरेक श्रमको मूल्य र सौन्दर्य समान भनिएपनि श्रमका कारणले हुने वस्तुगत विभेदको मुहान त बाँकी नै रहने भयो । उदाहरणका लागि कम्प्युटरमा काम गर्नु र सडकमा काम गर्नु निरपेक्ष समान हुन सम्भव थिएन । श्रमजन्य विभेद त रहन्थ्यो नै । मुख्य उत्पादक शक्तिको रूपमा आएको विज्ञान प्रविधिले पुँजी, जमिन र श्रमशक्ति तीनवटै कुनै युगको मुख्य उत्पादक शक्तिलाई अति कमजोर बनाउँदै लगेको छ । यसका कारण उत्पादन प्रणालीबाट मानव श्रम (मजदुर)को तीब्रतर विस्थापन भएको छ । एकातिर श्रमशक्तिको उत्पादनमा प्रभाव अति कमजोर भएको छ भने सेवा र निर्माण क्षेत्रमा पनि श्रमशक्ति न्यून रूपमा मात्र वितरित भएको छ । त्यसकारण हिजोको सर्वहारा(मजदुर) वर्गको अधिनायकत्ववाला समाजवादको पुनरावृत्ति अब सम्भव छैन । बरु विज्ञान प्रविधिलाई पूर्ण प्रयोग गर्ने अवस्थामा जान आजका वैज्ञानिक समाजवादीले बाटो तय गर्ने हो भने कसैको निजी स्वामित्व बन्न नसक्ने विज्ञान प्रविधिमा आधारित वैज्ञानिक समाजवाद सन्निकट भएको छ । र हिजोको समाजवादमा श्रमका कारणले हुन सक्ने असमानता र विभेद पनि अबको वैज्ञानिक समाजवादमा असम्भव भएको छ । यसरी मार्क्सवादले परिकल्पना गरेको निजी स्वामित्वको अन्त्य र समानताको नारा अब सुनिश्चित भएको छ । यसर्थ, मार्क्सवाद बल्ल यौवनावस्थामा पुगेको छ ।

नयाँ सर्वहारा वर्गको रूपमा विस्थापित वर्ग

हिजोसम्म सबैभन्दा पिँधको वर्गको रूपमा सर्वहारा वर्ग थियो । त्यसकारण सर्वहारा वर्गको अधिनायकत्वको नारा घनिभूत बन्यो । आज उत्पादन प्रणालीबाट श्रमशक्तिको विस्थापनसँगै नयाँ सर्वहारावर्गको उदय भएको छ । त्यो विस्थापित वर्ग हो । मजदुर वर्ग पिँधको वर्ग भएपनि उसको श्रमको ग्यारेन्टी थियो । न्यूनतम पारिश्रमिकको ग्यारेन्टी थियो । एक त संसारभर आजको भूमण्डलीकृत पुँजीवाद विज्ञान प्रविधिमा आधारित उत्पादन प्रणालीको प्रक्रियामा गएकोले श्रमको सुनिश्चितताविहीन विस्थापित वर्ग जन्मेको छ भने हाम्रो जस्तो देशमा सेवा र निर्माणको क्षेत्र पनि कम भएकोले उत्पादन, सेवा र निर्माण सबैतिरबाट विस्थापित वर्ग जन्मेको छ ।

आजको सर्वहारा वर्गको आयाम पनि बदलिएको छ । नियमित श्रमको प्रक्रियामा रहेको सर्वहारा श्रमिक वर्ग । अनियमित श्रमको प्रक्रियामा रहेको सर्वहारा श्रमिक वर्ग । र श्रमको कुनै निश्चित नभएको विस्थापित वर्ग ।

यसकारण आजको पिँधको घनत्वको वर्गको रूपमा विस्थापित वर्ग छ । र, विस्थापित वर्गको व्यापकता झन् तीब्रतर छ । यसले वर्गीय खाडल झन् गहिरो बनाइदिएको छ र वर्ग सङ्घर्षको अपरिहार्यतालाई अझ बढी उजागर गरेको छ । र त मार्क्सवादले निर्दिष्ट गरेको वर्गसङ्घर्षको आवश्यकताले मार्क्सवादलाई यौवनावस्थामा लगेको छ ।

वर्गसङ्घर्षको नयाँ आयाम

हिजो सर्वहारा श्रमिक वर्ग र पुँजीपती वर्गबिचको वर्गसङ्घर्ष मुख्य वर्ग सङ्घर्ष थियो । उत्पादन प्रणालीबाट पुँजीलाई विस्थापन गर्नु र श्रम शक्तिलाई मुख्य बनाउनु त्यति बेलाको वर्ग सङ्घर्षको लक्ष्य थियो । त्यतिबेला पुँजीपति वर्गबाट पुँजी खोस्ने अथवा उत्पादन प्रणालीको आधिपत्यता खोस्ने गरिन्थ्यो । आज विस्थापित (सर्वहारा) वर्ग र भूमण्डलीकृत पुँजीवादबीचको वर्ग सङ्घर्ष मुख्य वर्ग सङ्घर्ष भएको छ । आजको विस्थापित वा सर्वहारा वर्गले भूमण्डलीकृत पुँजीवादले निजी बनाएको विज्ञान प्रविधि खोस्ने र विज्ञान प्रविधिमा आधारित उत्पादन प्रणाली आफैं निर्माण गर्ने काम वर्ग सङ्घर्षको मुख्य काम भएको छ । यद्यपि जमिन, मेसिन र पुँजीजस्तो विज्ञान प्रविधि पूर्णरुपमा खोस्न मिल्ने या खोस्न सकिने चिज होइन । त्यसकारण आरुनो व्यवस्थाको निर्माण र विकासको लागि आफैं विज्ञान प्रविधिको निर्माण र विकास गर्ने कार्यभारसहितको वर्ग सङ्घर्षको नयाँ स्वरुप देखापरेको छ ।

नयाँ भूमण्डलीकृत सामाजिक संरचना

भूमण्डलीकृत पुँजीवादले विज्ञान प्रविधिमार्फत् आरुनो आधिपत्य कायम गरेको छ । मार्क्सवादीले पनि विज्ञान प्रविधिमार्फत् नै वैज्ञानिक समाजवाद र साम्यवादको भूमण्डलीकृत स्वरुपको प्रारम्भ र विकास गर्न सम्भव भएको छ । हिजो एउटै देशमा क्रान्ति हुन सम्भव छ कि छैन ? वा अन्तर्राष्ट्रिय रूपमा क्रान्ति हुनुपर्छ कि पर्दैन ? भन्ने बहस थियो । आज संसारमा हुने सबै क्रान्तिमा प्रत्यक्ष सहभागी या समर्थन गर्न सम्भव भएको छ । सीमित पुँजीपति वर्ग त भूमण्डलीकृत स्वरुपमा जान सके भने आम विस्थापित सर्वहारा वर्ग आफुलाई भूमण्डलीकृत स्वरुपमा लैजान सक्दा सामुन्नेको क्रान्तिलाई कसले छेक्न वा रोक्न सक्ने ? यसकारण मार्क्सवादले परिकल्पना गरेको विश्व साम्यवादको प्रारम्भिक भूमण्डलीकृत स्वरुप पनि विज्ञान प्रविधिले सम्भव तुल्याएको छ र त मार्क्सवाद बल्ल वयस्क बन्दैछ ।

समाचार
जि.प्र.का.ध.द.नं. २३८/०७४/७५
जि.हु.का.ध.द.नं. २१९/०७४/७५
२०८२ मंसिर २९ गते सोमवार [15 Dec. 2025]
समाचार दैनिक जनकपुर

एमाले महाधिवेशनमा विधान संशोधनदेखि नेतृत्व प्रतिस्पर्धासम्म तीव्र

पदाधिकारी १९ र केन्द्रीय कमिटी ३०१ सदस्यीय

दैनिक समाचारदाता

काठमाडौं २८ मंसिर । नेकपा (एमाले) को ११औं राष्ट्रिय महाधिवेशन अन्तर्गत काठमाडौंको भृकुटीमण्डपमा जारी बन्दसत्र र त्यसअघि बसेको केन्द्रीय कमिटी बैठकले पार्टीभित्रको शक्ति सन्तुलन, विधान संशोधन र नेतृत्व चयनलाई लिएर तीव्र राजनीतिक बहस सतहमा ल्याएको छ ।

महाधिवेशनकै क्रममा बसेको केन्द्रीय कमिटी बैठकले पदाधिकारीसहित केन्द्रीय कमिटी ३०१ सदस्यीय बनाउने निर्णय गरेको छ। सो निर्णयअनुसार अध्यक्ष १, उपाध्यक्ष ५, महासचिव १, उपमहासचिव ३ र सचिव ९ गरी १९ सदस्यीय पदाधिकारी संरचना रहनेछ। यसअघि विधान महाधिवेशनले पदाधिकारी संख्या १५ मा सीमित गर्ने निर्णय गरेको भए पनि अध्यक्ष केपी शर्मा ओलीको प्रस्तावमा उक्त निर्णय उल्ट्याइएको हो ।

विधान संशोधनको विषयलाई लिएर वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल पक्षले कडा असन्तुष्टि जनाएको छ । विधान महाधिवेशनले पारित गरेको व्यवस्थालाई महाधिवेशन सुरु भइसकेपछि केन्द्रीय कमिटी बैठकमार्फत संशोधन गर्नुले विधान महाधिवेशनको

औचित्यमाथि नै प्रश्न उठेको उनीहरूको भनाइ छ। ईश्वर पोखरेल, युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, सुरेन्द्र पाण्डे, गोकर्ण विष्ट र योगेश भट्टराईलगायत नेताहरूले विधान संशोधन प्रस्तावको खुलेर विरोध गरेका थिए।

यसैबीच एमाले उपाध्यक्षद्वय युवराज ज्ञवाली र अष्टलक्ष्मी शाक्यले जारी महाधिवेशनमा कुनै पनि पदमा प्रतिस्पर्धा नगर्ने घोषणा गरेका छन्। केन्द्रीय कमिटी बैठकमा उनीहरूले नयाँ पुस्तालाई अवसर दिन आफूहरू पछि हटेको बताएका छन्। उनीहरू दुवै नेता ईश्वर पोखरेल पक्षमा खुलेर देखिँदै आएका छन्। बन्दसत्रको प्रारम्भमा अध्यक्ष केपी शर्मा ओलीले आफ्नो धारणा राखेपछि वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अवधारणापत्र प्रस्तुत गरेका छन्। उक्त अवधारणापत्रमा पार्टीभित्र लोकतान्त्रिक अभ्यास कमजोर हुँदै गएको, विधि र विधानभन्दा व्यक्तिकेन्द्रित निर्णय हावी हुँदै गएको भन्दै गम्भीर प्रश्न उठाइएको छ।

केन्द्रीय कमिटी बैठकमै अध्यक्ष ओलीले ईश्वर पोखरेलप्रति असन्तुष्टि व्यक्त गर्दै आत्मआलोचनाका नाममा अरुको एजेन्डा बोकेर पार्टी नेतृत्वमाथि प्रहार गरिएको आरोप लगाएका थिए। जेनजी आन्दोलन र त्यससँग सम्बन्धित छानबिन विषयमा समेत ओली(पोखरेल पक्षबीच मतभेद सतहमा आएको छ।

महाधिवेशन बन्दसत्रमा २ हजार २ सय ६२ जना प्रतिनिधि सहभागी छन्। बन्दसत्रमा केन्द्रीय कमिटी बैठकका निर्णय अनुमोदन, निर्वाचन कार्यतालिका, आचारसंहिता तथा नयाँ नेतृत्व चयन प्रक्रिया अघि बढाइने छ। बन्दसत्र सोमबारसम्म चल्ने र सोही अवधिमा नयाँ केन्द्रीय कमिटी तथा पदाधिकारी चयन गरिने एमालेको तयारी छ।

महाधिवेशनका क्रममा केन्द्रीय कमिटीमा ४० वर्षमुनिका युवाको कम्तीमा १५ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने आवाज पनि उठेको छ। यस विषयमा अन्तिम निर्णय छलफलपछि गरिने प्रचार विभागले जनाएको छ।

एमालेको ११औं महाधिवेशनले पार्टीभित्रको आन्तरिक लोकतन्त्र, विधानको स्थायित्व र नेतृत्वको भावी दिशाबारे निर्णायक मोड लिने अपेक्षा गरिएको छ।

श्रीमानबाटै श्रमितीको हत्या

दैनिक समाचारदाता

काठमाडौं, २८ मंसिर । श्रीमती हत्याको आरोपमा श्रीमान पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा संखुवासभाको मादीका प्रेम दोर्ची शेर्पा छन् । शेर्पाले नै आफ्नो श्रीमती बेपत्ता भएको भन्दै प्रहरीमा जाहेरी दिएका थिए ।

९ मंसिरको राति साढे १० बजेतिर श्रीमती मिना शेर्पा र आफू ओखरबोट बजारबाट फर्कंदै गर्दा आफूखुसी बीच बाटोबाट हिँडेर बेपत्ता भएको भन्दै श्रीमान प्रेम दोर्चीले प्रहरीमा जाहेरी दिएका थिए ।

तर प्रहरी अनुसन्धानको क्रममा मिनाको हत्या भएको खुल्यो । मिनाको हत्या प्रहरीमा जाहेरी दिने उनै श्रीमान प्रेम दोर्चीले गरेको खुलेको प्रहरीले बताएको छ ।

त्यसरात बजारबाट घर फर्कने क्रममा विवाद भएपछि कुटपिट गरेर हत्या गरेपछि त्रिपालले बेरेर खाल्डो खनेर गाडेको श्रीमान् प्रेम दोर्चीले स्वीकार गरेको संखुवासभा प्रहरीका सूचना अधिकारी धनबहादुर राजवंशीले बताए ।

हत्या गरेर गाडेको अवस्थामा शव समेत प्रहरीले उत्खनन गरेको छ । घटनाको १९ दिनपछि पक्राउ परेका प्रेम दोर्चीविरुद्ध कर्तव्य ज्यानको कसुरमा अनुसन्धान अघि बढाइएको छ ।

भारतीय राजदूत श्रीवास्तवको स्वास्थ्यमा सुधार



दैनिक समाचारदाता

काठमाडौं,२८ मंसिर । नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवको स्वास्थ्यमा सुधार हुँदै आएको उपचारमा संलग्न चिकित्सकले बताएका छन् । श्रीवास्तवलाई काठमाडौंको चम्पादेवी डाँडामा हाइकिङ गर्ने क्रममा छातीमा दुखाई अत्यधिक भएको थियो । स्वास्थ्य अवस्था बिग्रदै गएपछि उनलाई तत्काल नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरी ग्रान्डी इन्टरनेसनल अस्पतालमा पुऱ्याइएको थियो ।

चिकित्सकका अनुसार छातीको दुखाई दिउँसो साँढे एक बजेतिर देखिएको थियो । तर उनलाई उद्धार गरी ग्रान्डी ल्याउन ४ बजे बजेको थियो ।

प्रारम्भिक उपचारपछि थप जाँच गर्दा उनलाई हृदयघात भएको पुष्टि भएको थियो । मुटुको देब्रे नशामा 'हर्टअट्याक' भएको थियो । चिकित्सकका अनुसार श्रीवास्तवको तत्काल मुटुको एन्जियोग्राफी गरी अवरुद्ध नशामा स्टेन राखिएको छ । 'उहाँ होसमा अस्पतालमा आइपुग्नुभएको थियो । प्रारम्भिक स्वास्थ्य जाँचमा हृदयघात भएको देखियो र मुटुमा स्टेन राखेर ब्लेकज नसा खोलेका थियौं,' ती चिकित्सकले अनलाइनखबरसँग भने । राजदूत श्रीवास्तव अस्पतालको आईसीयूमा उपचाररत छन् ।

उनको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको र केही दिन आईसीयूमा निगरानीमा राखिने चिकित्सकले बताएका छन् । मुटुमा अन्य केही नशामा पनि अवरोध देखिएको र ती अवरोधहरूलाई आवश्यकता अनुसार पछि उपचार गरिने जानकारी ती चिकित्सकले बताए ।'जुन नसा ब्लक हुँदा उहाँको हिजोको समस्या देखिएको थियो, त्यो नसा खोलेका छौं । अन्य नसा पनि ब्लक छ । त्यसलाई पनि खोल्नुपर्ने हुन्छ,' ती चिकित्सकले भने ।

चिकित्सकका अनुसार उनको अवस्था सामान्य बन्दै गएको छ । स्वास्थ्य अवस्था थप सुधार भएपछि उनलाई सामान्य वार्डमा सारिने तयारी छ ।

पूर्वमन्त्री उपाध्यायको निधन



दैनिक समाचारदाता

काठमाडौं २८ मंसिर । नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री आमदप्रसाद उपाध्यायको उपचारका क्रममा निधन भएको छ। काठमाडौंको ह्याम्स अस्पतालमा शनिबार साँझ उपचारका क्रममा उनको निधन भएको कांग्रेस नेता तथा कोशी प्रदेशका पूर्व मुख्यमन्त्री केदार कार्कीले जानकारी दिए।

उनी लामो समयदेखि मुखको क्यान्सर रोगबाट पीडित थिए। उनी २०५६ सालमा शिक्षामन्त्री भएका थिए।

पटकपटक कांग्रेसको केन्द्रीय सदस्य भएका उपाध्याय प्रतिनिधि सभा र राष्ट्रिय सभामा मोरङबाट प्रतिनिधित्व गरेर सांसद समेत भएका थिए।

नेकपा कर्णालीका सांसदलाई प्रचण्डको निर्देशन

दैनिक समाचारदाता

सुर्खेत २८ मंसिर । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले कर्णाली प्रदेश संसदीय दलको नेता चयन प्रक्रियाबारे चासो व्यक्त गरेका छन् ।

शनिबार आयोजित 'एकता सभा'लाई सम्बोधन गर्न सुर्खेत आएका प्रचण्डसहित सहसंयोजक माधवकुमार नेपाल र नेता कालिबहादुर मल्लको उपस्थितिमा नेकपा कर्णाली प्रदेश सभा संसदीय दलको बैठक बसेको थियो ।

उक्त बैठकमा संयोजक प्रचण्डले दलको नेता चयन र आगामी रणनीतिका विषयमा विशेष चासो राखेका हुन् । कर्णालीमा नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) बिच एकता भई 'नेकपा' मा रूपान्तरण भए पनि हालसम्म संसदीय दलका पदाधिकारी चयन हुन सकेका छैनन् ।

'पदाधिकारी चयनको विषय दलभित्रकै छलफल र सहमतिका आधारमा टुङ्ग्याउनुपर्छ,' प्रचण्डको भनाइ उद्धृत गर्दै सांसद कृष्णबहादुर जिसीले रातोपाटीसँग भने, 'अब प्रतिपक्षमा रहँदा सोही

अनुसारको भूमिकालाई प्रभावकारी बनाउन लाग्नुस् ।'

प्रचण्डले सकेसम्म संसदीय दलको नेता र पदाधिकारीको चयन संसदीय दलकै छलफलबाट टुङ्गोमा पुर्याउन निर्देशन दिएका छन् । यदि सहमति नजुटेको खण्डमा प्रदेश पार्टी कमिटीले जिम्मेवारी लिएर निर्णय गर्ने उनको भनाइ छ ।

'दलले तल्लो तहबाट जे निष्कर्ष निकाल्छ, त्यसैका आधारमा केन्द्रले धारणा बनाउने हो,' प्रचण्डले भने, 'माथिबाट छुट्टै लाद्ने वा अलग धारणा बनाउने भन्ने हुँदैन ।'

बैठकमा सहभागी सहसंयोजक माधवकुमार नेपालले भने यसबारे कुनै औपचारिक धारणा राखेनन् । उनीसँग सांसदहरूको परिचयात्मक कार्यक्रममात्र भएको जिसीले जानकारी दिए । जिसीका अनुसार, पदाधिकारी चयनको विषयमा अब छिटै छलफल अघि बढाइने छ ।

दुई दलको एकतासँगै कर्णाली प्रदेश सभामा नेकपा दोस्रो शक्ति मै सीमित छ । यहाँ समाजवादीका जम्मा १ सांसद छन् भने माओवादीका १३ जना छन् । संसदीय दलको नेताका लागि सांसदहरू विन्दमान विष्ट, कृष्णबहादुर जिसी, मंगल शाही, महेन्द्र केसी र दुर्ग रावतलगायतले दावी प्रस्तुत गरेका छन् ।

माइग्रेशन हराएको सूचना

घरबाट जनकपुरधाम आउने क्रममा बाटोमा हाम्रो माइग्रेशन सर्टिफिकेट सहितको कागजातहरु हराएकोले पाउनु हुने महानुभावहरु निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा पुर्याई सहयोग गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ ।

नाम : प्रियंशु कुमार पासवान
ठेगाना : जि.ध.सबैला नगरपालिका वडा नं. ११
हाल : जनकपुरधाम उपमहानगरपालिका वडा नं. १४
सिम्बल नं. : ९१७२६५०६
रजि नं. : ७९२१७०११०७९३
सम्पर्क नं. : ९८२७८७६४८४

राजनीति.....

मुक्ति पार्टीका सचिव संजय चौधरी, राइटस क्लिनिका कैलास दास, रिंकु यादव, राजु पासमान सहितका व्यक्तिहरुले पनि आ(आफ्ना धारणा राखेका थिए ।

समग्रमा, यो संवाद कार्यक्रम केवल एउटा छलफलमा सीमित रहेन; यसले नेपाली राजनीतिमा जेन(जेड युवा तथा महिलाको बढ्दो असन्तोष, अपेक्षा र सम्भावित वैकल्पिक राजनीतिक मार्गको संकेत स्पष्ट रूपमा दिएको छ। यदि स्थापित दलहरूले यो आवाजलाई समयमै गम्भीरतापूर्वक नसुने, त्यसको परिणाम आगामी निर्वाचन र समग्र राजनीतिक संरचनामा गहिरो रूपमा देखिन सक्ने संकेत कार्यक्रमले दिएको छ ।

उम्मेदवारहरुको.....

उम्मेदवारहरूको नाम केन्द्रीय कार्यालय वा संघीय संसदीय बोर्डलाई प्राप्त नभएमा वा हुन नसकेमा संसदीय बोर्डले नै उम्मेदवारको मनोनयन गरी कार्यान्वयन गर्न सक्ने बस्नेतले बताए ।

संघीय संसदीय बोर्डमा नाम पठाउदा निर्वाचन क्षेत्र समन्वय समिति, जिल्ला समिति र प्रदेश समितिले गरेका निर्णयहरू बैठकको निर्णय पुस्तिकाको प्रतिलिपि समेत संलग्न गरी पठाउनु पर्ने सर्कुलरमा उल्लेख छ । उम्मेदवारहरूको अन्तिम निर्णय भने संघीय संसदीय बोर्डले नै गर्ने जसपा नेपालले जनाएको छ ।

माइग्रेशन हराएको सूचना

घरबाट जनकपुरधाम आउने क्रममा बाटोमा हाम्रो माइग्रेशन सर्टिफिकेट सहितको कागजातहरु हराएकोले पाउनु हुने महानुभावहरु निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा पुर्याई सहयोग गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ ।

नाम : रंजली कुमारी
ठेगाना : जि.ध.जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०
सिम्बल नं. : ३१७००४१२
रजि नं. : ८०२१७०११११३७
सम्पर्क नं. : ९८२४८१०४७९

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४